बालमैत्री प्रकाशन

# बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लिल चित्रणविरुद्ध तथा सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरुद्ध इच्छाधिन आलेखहरू, २००० बारे जानकारी

## बालबालिका, किशोरकिशोरी तथा बालक्लब/बालसमूहका सदस्यहरुलाई बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधिन आलेख १ र २ को बारेमा जानकारी दिने उद्देश्यले तयार गरिएको बालमैत्री प्रकाशन



EUROPEAN UNION

Save the Children

बालमैत्री प्रकाशन

# बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को उजुरी प्रक्रियासम्बन्धी इच्छाधीन आलेख, २०११ बारे जानकारी

**बालबालिका, किशोरकिशोरी तथा बालक्लब/बालसमूहका सदस्यहरूलाई उजुरी प्रक्रियासम्बन्धी इच्छाधीन आलेखबारे जानकारी दिने उद्देश्यले बनाइएको बालमैत्री प्रकाशन**

२०१३

पुस्तिका : बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को 'उजुरी प्रक्रियासम्बन्धी इच्छाधीन आलेख, २०११' बारे जानकारी (बालमैत्री प्रकाशन)

सम्पादन : चन्द्रिका खतिवडा

चित्र/लेआउट : नवीन्द्रमान राजभण्डारी र राजन काफ्ले

प्रकाशक : कन्सोर्टियम, सिजप र सेभ द चिल्ड्रेन

आर्थिक सहयोग : युरोपियन युनियन

सर्वाधिकार © : सेभ द चिल्ड्रेन, २०१३

धन्यबाद : यो पुस्तिका तयार गर्दा हामीले संयुक्त राष्ट्रसंघको महासभाबाट पारित बालअधिकारसम्बन्धी महासन्धिको उजुरी प्रक्रियासम्बन्धी इच्छाधीन आलेख, २०११ को अंग्रेजी मूल प्रतिको आधार लिएका छौं । साथै, कुनै खण्डमा भने **चाइल्ड राइट्स कनेक्ट**ले बनाएको सूचनासामग्रीको आधार लिएका छौं । यी स्रोतहरूप्रति हामी आभार व्यक्त गर्दछौं ।

यो पुस्तिका नाफा नकमाउने उद्देश्यले जनचेतना र सार्वजनिक हितका लागि प्रकाशित गरिएको हो ।

## यो पुस्तिका वाहकको

नाम थर: ............................................................

विद्यालयको नाम: ...............................................

पढिरहेको कक्षा: ..................................................

यदि बालक्लबको सदस्य भए :

बालक्लबको नाम: ............................................

पद: .....................................

जिल्ला: ................................

# मन्तव्य

Save the Children

सम्पूर्ण भाइबहिनीहरूलाई नमस्कार,

बालबालिकाको जीवनमा दीर्घकालिन एवम् सकारात्मक परिवर्तन ल्याउन बालअधिकारको सुनिश्चितता अपरिहार्य छ । सोका लागि सेभ द चिल्ड्रेनले नेपाललगायत विश्वका १२० जति देशहरूमा बालअधिकारका निम्ति कार्य गर्दै आएको छ । बालबालिकाको सहभागिताको अधिकारलाई सेभ द चिल्ड्रेनको कार्यगत सिद्धान्तको रूपमा अगिंकार गर्दै बालसहभागितालाई समुदायदेखि नीतिगततहसम्म नै प्रवर्द्धन गरिनुपर्ने कुरामा निरन्तर जोड दिँदै आएको छ ।

बालसहभागिता प्रवर्द्धनका लागि बालबालिकाले उचितरूपमा सूचना पाउनुपर्दछ । यसै सन्दर्भमा बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को 'उजुरी प्रक्रियासम्बन्धी इच्छाधीन आलेख, २०११' बारे जानकारी दिनका लागि यो बालमैत्री पुस्तिका तयार पारिएको हो । यो पुस्तिकामा उजुरी प्रक्रियासम्बन्धी बालबालिकाले थाहा पाउनु पर्ने विषयहरू सरल भाषामा सचित्र प्रस्तुत गरिएको छ । यो पुस्तिका तपाईंहरू जस्तै बालबालिकासँग पटकपटक छलफल गरी तयार पारिएको हो ।

अन्त्यमा, यस बालमैत्री पुस्तिका तयार पार्ने बेलामा आफ्नो अमूल्य सुझाव दिई सहयोग गर्ने सम्पूर्ण भाइबहिनीहरूप्रति आभार प्रकट गर्दछु । साथै यो पुस्तिकालाई तपाईहरूको हातसम्म ल्याउनका लागि आर्थिक सहयोग प्रदान गर्ने युरोपियन युनियन, सहजीकरण गर्ने कन्सोर्टियम र सिजपलगायत यो बालमैत्री पुस्तिका तयार पार्ने चन्द्रिका खतिवडा र सम्पूर्ण टीमलाई विशेष धन्यबाद दिन्छु ।

जगत ब. खड्का
राष्ट्रिय उप-निर्देशक

# शुभकामना

CONSORTIUM
of Organizations Working for Child Participation

प्यारा भाइबहिनीहरु,
धेरै धेरै माया अनि शुभकामना !!

बालसहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम-नेपाल) सन् १९९९ देखि नै प्रत्येक परिवारदेखि राज्यसम्म बालसहभागितालाई सुनिश्चित गर्ने अभियानमा निरन्तर क्रियाशिल छ । बालसहभागिताको एउटा महत्वपूर्ण पाटो भनेको तपाईहरुसँग सम्बन्धित कुराको बारेमा तपाईंहरुले बुझ्ने भाषामा सुसूचित हुन पाउनु पनि हो ।

यस कुरालाई मनन गर्दै कन्सोर्टियम, सिजप र सेभ द चिल्ड्रेनको संयुक्त प्रयासमा तपाईंहरु जस्तै बालबालिकासँग छलफल गरी यो पुस्तिका तयार पारिएको हो । यस पुस्तिकामा उजुरी प्रक्रियासम्बन्धी सामान्य जानकारी तपाईंहरुले बुझ्ने भाषामा राखिएको छ ।

यस पुस्तिकालाई बालमैत्री बनाउनका लागि सुझाव दिई सहयोग गर्ने सम्पूर्ण भाइबहिनीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु। यो पुस्तिकाको परिकल्पना गर्ने सेभ द चिल्ड्रेन र आर्थिक सहयोग गर्ने युरोपियन युनियनलाई म विशेष धन्यवाद दिन्छु । यो पुस्तिकालाई बालमैत्री भाषामा तयार पार्ने तथा बालबालिकासँगको परामर्शको सहजीकरण गर्नुहुने चन्द्रिका खतिवडा र अन्य सबै सहयोगी व्यक्तित्वहरु धन्यवादका पात्र हुनुहुन्छ ।

अन्त्यमा, यस पुस्तिका तयार गर्दा व्यवस्थापकीय जिम्मेवारी सम्हाल्नु भएका कन्सोर्टियम कार्यसमितिका सदस्यहरु तथा सचिवालयका कर्मचारी साथीहरुलाई पनि धन्यबाद दिन्छु ।

जियम श्रेष्ठ
अध्यक्ष

प्यारा भाइबहिनीहरू,

नमस्कार ।

आफूसँग सम्बन्धित कुराहरू जान्न र बुझ्न पाउनु तपाईंहरूको अधिकार हो । हामी, तपाईंहरूको त्यो अधिकारलाई सम्मान गर्दछौं । ल आउनुहोस्, यो सानो किताबमा तपाईंहामी मिलेर बालबालिकाको बेचविखन, वेश्यावृत्ति र अश्लिल चित्रणविरूद्ध तथा सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरूद्ध बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधिन आलेखहरू, २००० बारे जानकारी लिऔं ।

## यो सानो किताबमा के कुरा छ ?

यो सानो किताबमा बालबालिकाको बेचविखन, वेश्यावृत्ति र अश्लिल चित्रणविरूद्ध तथा सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरूद्ध बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधिन आलेखहरू, २००० को बारेमा जानकारी छ । हामीले यो किताब १२ वर्ष उमेर पुरा भएका तथा ७ कक्षा पढेका तपाईं सबै बालबालिकाले पढ्न सक्ने गरी लेखेका छौं । यो किताबमा केही शब्दको अर्थ र परिभाषा दिएका छौं । यो सानो किताब पढ्दा त्यो पनि हेर्नुहोस् है ।

यो किताबले तपाईंहरूलाई यी दुईवटा इच्छाधीन आलेखहरूमा भएका अधिकारबारे बुझ्न, विद्यालयमा तथा बालक्लबमा साथीहरूसँग त्यसबारे छलफल चलाउन सघाउँदछ । र, ती अधिकारहरू लागू गर्न आफ्नो तर्फबाट योगदान दिन तपाईंहरूलाई मद्दत गर्दछ ।





यो सानो किताबको पहिलो पानामा तपाईंको नाम, स्कूलको नाम र पढिरहेको कक्षा, बालक्लबको नाम, ठेगाना र पद लेख्ने ठाउँ छ । किताब हातमा पर्ने बित्तिकै आफ्नो नाम लेख्नुहोस् है । यदि तपाईंले दुई वा तीनवटा किताब पाउनुभयो भने आफ्नो सबभन्दा मिल्ने साथीको नाम ठेगाना लेखेर उनलाई उपहार दिनुहोस् । साथीले पनि पढ्न पाउनुपर्‍यो नि, हैन त ?

## जान्नुपर्ने अवधारणा तथा शब्दार्थः

### इच्छाधीन आलेख

कुनै एक महासन्धिमा व्यवस्था भएका अधिकारलाई थप व्याख्या गर्ने र ती अधिकारहरूलाई कसरी अझै राम्रो बनाउने भनेर इच्छाधीन आलेख बनाइएको हुन्छ । इच्छाधीन आलेख कुनै महासन्धिसँग गाँसिएर आएको हुन्छ । कुनै एक महासन्धिको एकभन्दा बढी इच्छाधीन आलेखहरू हुन सक्दछन् । जस्तै बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को हालसम्म तीनवटा इच्छाधीन आलेखहरू बनेका छन् । ती हुन्–

१. बालबालिकाको बेचबिखन, बालबेश्यावृत्ति तथा अश्लिल चित्रणविरूद्धको बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० (इच्छाधीन आलेख–१),

२. सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरूद्ध बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० (इच्छाधीन आलेख–२), र

३. उजुरी प्रक्रियासम्बन्धी बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २०११ (इच्छाधीन आलेख–३) ।

यी इच्छाधीन आलेखहरूलाई देशहरूले छुट्टाछुट्टै अनुमोदन गर्नुपर्दछ ।





## यो सानो किताब कसले तयार गरेको हो ?

यो किताब सेभ द चिल्ड्रेनले कन्सोर्टियम र सिजप भन्ने बालबालिकासँग काम गर्ने संस्थाहरूको सञ्जालसँग मिलेर बनाएको हो । यी सबै संस्थाहरूको पूरा नाम र सम्पर्क ठेगाना किताबको अन्तिम पानामा दिएका छौं । यो किताब लेख्न र छाप्न लागेको खर्च युरोपियन युनियनले दिएको हो ।

तपाईं बालबालिकालाई पढ्न सजिलो हुने गरी यो किताब दाजु चन्द्रिका खतिवडाले लेख्नुभएको हो । उहाँलाई यो किताब लेख्न दाजु शिव बहादुर थापा, सुरेन्द्र रेग्मी र उमाकान्त चौधरीले सघाउनु भएको थियो । अनि यो किताबको चित्रहरू दाजुहरू नविन्द्र राजभण्डारी र राजन काफ्लेले बनाउनु भएको हो । यसको सजावट दाजु महेश कुँवरले गर्नुभएको हो ।

यो किताब लेखिसकेपछि १२ देखि १७ वर्षसम्मका ९५ जना बालबालिकालाई सहभागी गराएर कार्यशालाहरू सम्पन्न गरिएको थियो । त्यो कार्यशालामा बालबालिकाले दिएका सुझावहरूलाई समावेश गरी हामीले यो किताबमा सुधार गरेका छौं । कार्यशालामा सहभागी हुनुभएका सबै भाइबहिनीलाई हाम्रो धन्यबाद छ ।

## यो किताब पढदा नबुझिएका कुरा र आफूलाई मनका लागेका कुरा कसरी सोध्न सकिन्छ ?


यो किताबको अन्तिममा हामीले केही खाली पाना छोडेका छौं । ती पानाहरूमा यो किताब पढ्दा तपाईंको मनमा लागेका कुराहरू लेख्नुहोस् । लेखेको कुरा हामीलाई पनि पठाउनुहोस् नि । अनि, चिठी लेख्ने ठेगाना चाहिँ किताबको अन्तिममा दिएका छौं । चिठी लेख्दा यो सानो किताब पढ्दा तपाईंलाई कस्तो लाग्यो त्यसबारे पनि लेख्नुहोस्





है । किताब पढ्दा कुनै शब्द वा कुरा बुझिएन भने त्यो पनि लेखेर पठाउनुहोस् है । तपाईंको सल्लाह लिएर हामी यो सानो किताबमा अझ सुधार गर्दछौं ।

अब आउनुहोस्, यी दुईवटा इच्छाधिन आलेखहरू, २००० बारे तल दिइएका प्रश्न र उत्तरबाट बुझ्ने कोशिस गरौं ।




सबभन्दा पहिला हामीले बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लिल चित्रणविरुद्ध बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधिन आलेख, २००० को बारेजानकारी दिएका छौं ।

## बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लिल चित्रणविरुद्ध बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधिन आलेख, २०००

बालअधिकारसम्बन्धी महासन्धिको बालबालिकाको बेचविखन, वेश्यावृत्ति र अश्लिल चित्रणविरुद्ध इच्छाधीन आलेखलाई संयुक्त राष्ट्रसंघको महासभाले सन् २००० को मे २५ तारिख (जसअनुसार मिति २०५७ साल जेठ १२ गते) का दिन पारित गरी सदस्य राष्ट्रहरूलाई हस्ताक्षर तथा अनुमोदनका लागि खुला भएको हो । अंग्रेजीमा यस इच्छाधिन आलेखको पुरा नाम 'Optional Protocol to the Convention on the Rights of the Child on the Sale of Children, Child Prostitution and Child Pornography' हो । यो इच्छाधिन आलेख सन् २००२ फेब्रुअरी १२ तारिख (जसअनुसार मिति २०५८ साल माघ ३० गते) लागू भएको हो । नेपालले यसलाई सन् २००६ को जनवरी २० तारिख (जसअनुसार मिति २०६२ साल माघ ७ गते) मा अनुमोदन गरेको हो ।

## जान्नुपर्ने अवधारणा तथा शब्दार्थ:

### संयुक्त राष्ट्रसंघ भनेको के हो ?

संसारका सबैजसो देशहरू सदस्य भएको एक साझा संगठनलाई संयुक्त राष्ट्रसंघ भनिन्छ । तपाईंहरूले पक्कै पनि संयुक्त राष्ट्रसंघको बारेमा सुन्नुभएको वा पढ्नुभएको छ होला । संयुक्त राष्ट्रसंघलाई अंग्रेजीमा United Nations र छोटकारीमा UN भनिन्छ । सन् १९४५ मा स्थापना भएको संयुक्त राष्ट्रसंघमा हाल १९३ वटा देशहरू सदस्य छन् । संयुक्त राष्ट्रसंघले संसारमा



शान्ति फैलाउन र सबै मानिसहरूले मानवअधिकार पाउन सकून भनेर काम गर्दछ । संयुक्त राष्ट्रसंघको मुख्य कार्यालय संयुक्त राज्य अमेरिकाको न्यूयोर्क र स्वीट्जरल्याण्डको जेनेभा सहरमा छन् ।

### महासन्धि

संसारका बिभिन्न देशहरूमा लागू हुने गरी संयुक्त राष्ट्रसंघ जस्ता अन्तर्राष्ट्रिय संस्थाले बनाएको अन्तर्राष्ट्रिय कानुनलाई महासन्धि भनिन्छ ।

### अनुमोदन

कुनै पनि अन्तर्राष्ट्रिय सन्धि वा महासन्धिलाई आफ्नो देशमा लागू गर्ने प्रतिवद्धतासहित देशको तर्फबाट सरकारले लिखितरूपमा सहीछाप गरी जनाएको सहमतिलाई अनुमोदन भनिन्छ ।







## बालबालिकाको बेचबिखन भनेको के हो ?

कुनै पनि ब्यक्ति वा समूहले कुनै बालबालिकालाई पैसा वा कुनै फाइदाका लागि अर्को व्यक्तिलाई दिनुलाई बालबालिकाको बेचबिखन भनिन्छ (धार-२.क) ।

## बालवेश्यावृत्ति भनेको के हो ?

पैसा वा अरू कुनै फाइदाका लागि यौनसम्बन्धी क्रियाकलापहरूमा बालबालिकालाई प्रयोग गर्ने कामलाई बालवेश्यावृत्ति भनिन्छ (धारा - २.ख) ।

## बालबालिकाको अश्लिल चित्रण भनेको के हो ?

बालबालिकाको नाङ्गो फोटो वा भिडियो खिच्ने, त्यसलाई बेच्ने वा प्रदर्शन गर्ने काम अश्लिल चित्रण हो । त्यस्तै बालबालिकालाई अरू व्यक्तिका नाङ्गा फोटो वा भिडियोहरू वा यौनअंग वा यौनक्रियाकलाप झल्किने खालका सामानहरू देखाउने कामसमेत बालबालिकाको अश्लिल चित्रण हो (धार-२.ग) ।

## यो इच्छाधिन आलेख किन ल्याइएको हो ?

संसारभर बालबालिकाको बेचविखन, बेश्यावृत्ति र अश्लिल चित्रण भइरहेको छ । यस्तो हुनबाट बालबालिकालाई जोगाउन सबै देशहरूले मिलेर काम गर्न अन्तर्राष्ट्रिय कानुनको रूपमा यो इच्छाधिन आलेख ल्याइएको हो । बालश्रम, यौनशोषण वा अन्य कुनै पनि उद्देश्यले हुने बालबालिकाको बेचबिखन तथा ओसारपसारलाई रोक्नु परेको छ । इन्टरनेट र अन्य सञ्चारका माध्यमहरूबाट बालबालिकाको अश्लिल चित्रण हुनबाट रोक्नका लागि संसारभर साझा प्रयास गर्नु आवश्यक छ । यिनै उद्देश्यले यो





इच्छाधीन आलेख ल्याइएको हो । यस इच्छाधीन आलेखको आवश्यकताबारे तलका बुँदाहरूमा थप प्रष्ट पारिएको छ -

१. बालअधिकारसम्बन्धी महासन्धि, १९८९ ले बालबालिकाको विकासमा असर गर्ने सबै खालका हानीबाट जोगाउनुपर्दछ भनेको छ । ती व्यवस्थालाई थप प्रभावकारी बनाउन,

२. बालश्रम, बालबालिकाको व्यवसायिक यौनशोषण वा अन्य कुनै पनि उद्देश्यले देशभित्र र देशबाहिर हुने बालबालिकाको बेचविखन तथा ओसारपसारलाई रोक्न,




३. इन्टरनेट र यस्तै माध्यमबाट हुने बालबालिकाको अश्लिल चित्रणलाई रोक्न, र

४. खासगरी ठूलो संख्यामा बालिकाहरूमाथि भइरहेको यौनशोषणलाई अन्त्य गर्नका लागि र बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लिल चित्रणविरूद्ध जनचेतना बढाउन ।

## यस इच्छाधिन आलेखअनुसार व्यक्तिले के के गर्नु हुँदैन ?

यस इच्छाधिन आलेखअनुसार कुनै पनि व्यक्तिले तलका काम गर्नुहुँदैन (धारा-३):

१. सबै देशले बालबालिकालाई यौनसम्बन्धी क्रियाकलाप वा वेश्यावृत्तिमा लगाउन, बालबालिकाको अंगहरू झिक्न र बेच्न तथा उनीहरूलाई जवरजस्ती काममा लगाउने ।





२. पैसा वा अरू कुराहरूको लोभलालचमा परेर कुनै बालबालिकालाई धर्मपुत्र/पुत्री लिनेदिने काम गर्ने ।

३. बालवेश्यावृत्तिको लागि कुनै बालबालिका दिन प्रस्ताव गर्नु प्राप्त गर्नु, किनबेच गर्नु वा अरू कसैलाई दिने । र,

४. बालबालिकालाई प्रयोग गरी अश्लिल चित्रणसम्बन्धी सामग्रीको उत्पादन, वितरण, प्रचारप्रसार, आयात वा निर्यात गर्नु वा बिक्रीवितरण गर्ने ।

## यस इच्छाधीन आलेखले समेट्ने अपराधबारे सरकारले कहाँ कहाँ जाँचबुझ गर्नसक्दछ ?

बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लिल चित्रणसम्बन्धी अपराधका सम्बन्धमा सरकारले तल दिइएअनुसारका काम गर्नसक्दछ :

१. बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लिल चित्रणसम्बन्धी अपराधको जाँचबुझ सरकारले आफ्नो देशभित्र मात्र नभई देशबाहिर समेत गर्नसक्दछ । अपराध गर्ने व्यक्ति आफ्नो देशको नागरिक भएमा वा देशको भूभागमा बसोबास गर्ने व्यक्ति भएमा वा पीडित बालबालिका आफ्नो देशको नागरिक भएमा विदेशमा समेत जाँचबुझ गर्नसक्दछ (धारा-४) ।

२. बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लिल चित्रणमा संलग्न भएका अपराधीहरूलाई एक देशले अर्को देशलाई सुम्पने काम (सुपुर्दगी) का लागि आवश्यक कानुन बनाई लागू गर्नुपर्दछ (धारा-५) ।







३. देशले बालबालिकाको बेचबिखन, ओसारपसार, वेश्यावृत्ति र अश्लील चित्रणमा संलग्न अपराध कार्य गर्ने व्यक्तिले प्रयोग गरेका सामानहरू, उसले कमाएको पैसा र सम्पत्ति खोस्न सक्दछ (धारा-७) ।

**जान्नुपर्ने अवधारणा तथा शब्दार्थः**

**पीडित (बालबालिका)**

**कुनै घटना वा कार्यका कारण चोट पुगेको वा प्रभावित व्यक्तिलाई पीडित भनिन्छ। बालअधिकारको सन्दर्भमा जुन बालक वा बालिकाको अधिकार हनन् भएको हो उनलाई पीडित बालबालिका भनिन्छ।**

## यस इच्छाधीन आलेखमा भएका अपराधहरूबारे एक देशले अर्को देशलाई कसरी सहयोग गर्न सक्दछ ?

बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लिल चित्रणसम्बन्धी अपराधको अनुसन्धान गर्न अपराध कार्य गर्ने व्यक्तिलाई एक देशले अर्को देशलाई सुम्पने (सपुर्दगी) प्रक्रियाको लागि आवश्यक भएका प्रमाणहरू दिनुपर्दछ (धारा-६) ।

## पीडित तथा साक्षी बालबालिकाको अधिकार के कस्तो हुन्छ ?

पीडित बालबालिकालाई थप पीडित बनाइनुहुँदैन । पीडित बालबालिकाको अधिकार, भूमिका, कानुनी प्रक्रियाहरूमा लाग्ने समय र प्रगतिबारे उनीहरूलाई जानकारी दिनुपर्दछ । कानुनी कारवाही गर्दा पीडित र साक्षी बालबालिकाको सुरक्षा गर्नुपर्दछ । उनीहरूसम्बन्धी सूचनालाई गोप्य राख्नुपर्दछ (धारा-८) ।





## जान्नुपर्ने अवधारणा तथा शब्दार्थः

**साक्षी (बालबालिका)**

कुनै घटना भएको अवस्थामा उक्त घटना देख्ने, सुन्ने वा थाहा पाउने व्यक्तिलाई साक्षी भनिन्छ । यस्तो व्यक्तिले आफूले देखेजानेको उक्त घटनाबारे सत्य कुरा सम्बन्धित अधिकारी वा अदालतमा गएर भन्न सक्दछन् ।

## यस इच्छाधीन आलेखबारे कसरी जनचेतना बढाउनु पर्दछ ?

बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लिल चित्रण रोक्नको लागि देशले आवश्यक नीति, कानुन तथा कार्यक्रमहरू बनाउनुपर्दछ । साथै, महिला, पुरुष तथा बालबालिकालाई शिक्षा एवम् तालिमसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरी जनचेतना फैलाउनुपर्दछ । यसो गर्दा पीडित बालबालिकालाई सहयोग पुर्‍याउने कुरामा ध्यान दिनुपर्दछ (धारा-९) ।

## अरू देशहरूले यस इच्छाधीन आलेखलाई कार्यान्वयन गर्न के कस्ता कुरामा सहयोग गर्न सक्छन् ?

बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लिल चित्रण जस्तो गम्भिर अपराधका कारणहरू र असरबारे गहिरो अध्ययन, अनुसन्धान गर्न अरू देशहरूले सहयोग गर्न सक्छन् । यी अपराधबाट पीडित बालबालिकाको उपचार गर्न सक्दछन् । र, उनीहरूलाई घरपरिवारमा पुनर्स्थापना गर्न सहयोग पुर्‍याउन सक्दछन् (धारा-१०) ।





## देशले यस इच्छाधीन आलेखबारे कहिले र कहाँ प्रतिवेदन पठाउनुपर्दछ ?

यो इच्छाधिन आलेखलाई अनुमोदन गरी लागू भएको २ वर्षभित्र प्रारम्भिक प्रतिवेदन संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा पठाउनुपर्दछ । त्यसपछि प्रत्येक पाँच वर्षमा बालअधिकारसम्बन्धी महासन्धिको आवधिक प्रतिवेदन बुझाउँदा यससम्बन्धी सूचना वा जानकारी पनि बुझाउनुपर्दछ (धारा-१२) ।

## बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लिल चित्रण रोक्न देशले के गर्नुपर्दछ ?

यस इच्छाधिन आलेखअनुसार बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लिल चित्रण रोक्न सरकारले तलका कामहरू गर्नुपर्दछ :

१. यो इच्छाधिन आलेखले व्यवस्था गरे बमोजिम बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लिल चित्रण गर्ने कार्यलाई निषेध गर्ने । र, तिनलाई अपराध भनेर घोषणा गर्ने ।

२. बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लिल चित्रणसम्बन्धी अपराधबारे आफ्नो देशभित्र र बाहिर जाँचबुझ गर्ने ।

३. बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लिल चित्रणसम्बन्धी अपराधीहरूलाई एक देशले अर्को देशलाई सुम्पने काम (सुपर्दगी) का लागि चाहिने कानुन बनाएर लागू गर्ने ।







४. बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लिल चित्रणलाई रोक्न कार्यक्रमहरु तयार गरी लागू गर्ने । शिक्षा एवम् तालिम दिएर यसबारे जनचेतना फैलाउने ।

५. पीडित बालबालिकाको अधिकार तथा कानुनी प्रक्रियामा लाग्ने समय र त्यसबारे भएको प्रगतिबारे उनीहरुलाई जानकारी दिने । पीडित र साक्षी बालबालिकाको सूचनालाई गोप्य राखी उनीहरुको सुरक्षामा काम गर्ने । र,

६. बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लिल चित्रणको विरुद्धमा भएका काम र प्रगतिहरुबारे नियमितरुपमा बालअधिकार समितिमा आवधिक प्रतिवेदन पठाउने ।

## जान्नुपर्ने अवधारणा तथा शब्दार्थः

**अनुगमन**

कुनै विषय वा कामका बारेमा सूचनाजानकारीको खोजी गर्ने र त्यसको अवस्था राम्रो वा नराम्रो के छ भनी जाँच गर्ने काम नै अनुगमन हो । अनुगमन कुनै निश्चित विषयमा, निश्चित ठाउँमा र निश्चित अवधिमा गरिन्छ ।

**प्रतिवेदन**

कुनै काम सम्पन्न गरिसके पछि त्यसबारे तयार गरिएको लिखतलाई प्रतिवेदन भनिन्छ ।

**आवधिक प्रतिवेदन**

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ४३ को व्यवस्थाअनुसार महासन्धिलाई अनुमोदन गरेको २ वर्षभित्र पहिलो प्रतिवेदन बालअधिकार समितिमा बुझाउनुपर्दछ । त्यसपछि हरेक ५/५ वर्षमा प्रतिवेदन

बुझाउनुपर्दछ । यसरी बालअधिकारसम्बन्धी महासन्धि र यसका इच्छाधीन आलेखहरूलाई अनुमोदन गर्ने देशले ५/५ वर्षमा बुझाउने प्रतिवेदनलाई आवधिक प्रतिवेदन भनिन्छ ।





## बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लिल चित्रणविरुद्ध बालबालिका र उनीहरुका समूहले के गर्न सक्दछन् ?

बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लिल चित्रणविरुद्ध बालबालिका र उनीहरुका समूहले तलका कामहरु गर्न सक्दछन् :

१. बालबालिकाले बेचबिखन, वेश्यावृत्ति र अश्लिल चित्रण विषयमा र त्यसविरुद्ध एकआपसमा खुलेर छलफल गर्ने,

२. बालबालिकामाथि हुने वा हुन सक्ने गम्भिर अपराध हुनबाट जोगिने उपायहरु खोजी गरी त्यसबारे व्यक्तिगतरुपमा सचेत हुने,

३. विद्यालय तथा समुदायतहमा बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लिल चित्रणविरुद्ध जनचेतना बढाउने, र




४. बालबालिका आफैं वा साथीहरु बेचबिखन, वेश्यावृत्ति वा अश्लिल चित्रणको जोखिममा भएको थाहा पाएमा नजिकैको प्रहरी चौकी वा अभिभावक वा बालहेल्पलाइनमा खबर गर्ने ।





## जान्नुपर्ने अवधारणा तथा शब्दार्थः

### सर्वोत्तम हित

सबै सरकारी कार्यालय, समाजिक संस्था र व्यक्तिहरूले बालबालिकाको स्याहार र संरक्षणसँग सम्बन्धित सबै कामहरू गर्दा उनीहरूको तत्कालको र दीर्घकालिन हितलाई पहिलो प्राथमिकता दिनुपर्दछ । के गर्दा सबै बालबालिकाको अधिकारको रक्षा हुन्छ, हित हुन्छ त्यही गर्नुपर्दछ । त्यसो गर्नु भनेको बालबालिकाको सर्वोत्तम हितको सम्मान गर्नु हो ।



## सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरूद्ध बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधिन आलेख, २०००

सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरूद्धको इच्छाधिन आलेख सयुक्त राष्ट्रसंघको महासभाले सन् २००० को मे २५ तारिख (जसअनुसार २०५७ साल जेष्ठ १२ गते) पारित गरी सदस्य राष्ट्रहरूलाई हस्ताक्षर तथा अनुमोदनका लागि खुला भएको हो । अंग्रेजीमा यस इच्छाधिन आलेखको पुरा नाम 'Optional Protocol to the Convention on the Rights of the Child on the Involvement of Children in Armed Conflict' हो । यो इच्छाधिन आलेख सन् २००२ फेब्रुअरी १२ तारिख (जसअनुसार मिति २०५८ साल माघ ३० गते) लागू भएको हो । नेपालले यसलाई सन् २००७ को जनवरी ३ तारिख (जसअनुसार मिति २०६३ साल पौष १९ गते) अनुमोदन गरेको हो ।

यस इच्छाधीन आलेखले १८ वर्ष नपुगेका सबै बालबालिकालाई सशस्त्र द्वन्द्वमा प्रयोग गर्न रोक लगाएको छ । यस इच्छाधीन आलेखमा सरकारी सशस्त्र फौज (सैनिक, प्रहरी र सशस्त्र प्रहरी) वा बिद्रोही समूह कसैले पनि बालबालिकालाई प्रयोग गर्न नपाइने उल्लेख गरिएको छ ।



फोटो सौजन्य: युनिसेफ नेपाल





## जान्नुपर्ने अवधारणा तथा शब्दार्थ :

**सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग**

द्वन्द्वमा संलग्न पक्षहरूले आफ्नो स्वार्थ पुरा गर्न नियमित वा अनियमित फौज वा समूहमा कुनै पनि रूपमा बालबालिकालाई समावेश गरिनु भने को सशस्त्र द्वन्द्वमा उनीहरूको प्रयोग भन्ने बुझिन्छ । बालबालिकालाई यस्ता फौज तथा समुहमा भान्छे, भरिया, समाचारबाहक, वा यस्ता समूहको साथमा रहने बालबालिका (आफ्नै बाबुआमाका साथमा रहेका बाहेक) सबै बालबालिकालाई बालसैन्यका रूपमा परिभाषित गरिएको छ (केप टाउन प्रिन्सिपल) ।

**बालसैन्य**

देशको सेना, प्रहरी र सशस्त्र प्रहरीमा वा बिद्रोहीको सशस्त्र समूहमा १८ वर्ष उमेर नपुगेका कुनै पनि बालबालिकालाई भर्ना गर्न हुँदैन । कुनै देशको सेना, प्रहरी र सशस्त्र प्रहरीमा वा बिद्रोहीको सशस्त्र समूहमा भर्ना गरिएको १८ वर्ष उमेर नपुगेका बालबालिकालाई बालसैन्य भनिन्छ ।

## के सशस्त्र द्वन्द्वका बेला पनि बालअधिकार रहिरहन्छ ?

हो, रहन्छ । बालबालिकाको अधिकार जुनसुकै अवस्थामा पनि आकर्षित भैरहन्छ । बालबालिका बढी जोखिममा रहेको अवस्थामा उनीहरुको अधिकार सुनिश्चित गर्न झनै विशेष जोड दिनुपर्दछ । त्यसैले बालअधिकारसम्बन्धी महासन्धिलाई अझै बढी प्रभावकारी बनाई सशस्त्र द्वन्द्वका बेला बालबालिकाको संरक्षण गर्न यो इच्छाधीन आलेख आएको हो ।







## के बालबालिकाले सशस्त्र द्वन्द्वमा भाग लिन पाउँदछन् ?

अहँ, पाउँदैनन् । यस इच्छाधीन आलेखले १८ वर्ष नपुगेका कुनै पनि बालबालिकाले सशस्त्र द्वन्द्वमा प्रत्यक्ष र अप्रत्यक्षरूपमा भाग लिन नपाउने कानुनी व्यवस्था गरेको छ । कुनै पनि बालबालिका सशस्त्र द्वन्द्वका कुनै पनि गतिविधिमा प्रयोग नभएको कुरा सुनिश्चित गर्नु सरकारको जिम्मेवारी हो (धारा-१) ।

साथै, यस इच्छाधीन आलेखलाई अनुमोदन गर्ने देशले १८ वर्ष नपुगेका व्यक्तिलाई अनिवार्यरूपमा सैनिक सेवामा भर्ती गर्न पनि पाउँदैनन् (धारा-२) ।

## यदि कुनै देशमा १८ वर्ष नपुगेका बालबालिका सैनिक सेवामा रहिरहेको अवस्थामा चाहिँ के हुन्छ त ?

यस इच्छाधीन आलेखलाई हस्ताक्षर वा अनुमोदन गर्नु पहिले नै बनेको कानुनअनुसार १८ वर्ष मुनिका बालबालिकालाई सैनिक सेवामा भर्ना गरिने व्यवस्था भए उक्त कानुनी व्यवस्थामा सुधार गर्नु पर्दछ । यस इच्छाधीन आलेखलाई अनुमोदन गरिसकेपछि देशको सशस्त्र सेना, प्रहरी वा सशस्त्र प्रहरीमा भर्ना गर्ने उमेरलाई कम्तिमा १८ वर्ष बनाउनुपर्दछ । यदि १८ वर्षभन्दा कम उमेरका व्यक्तिलाई सैनिक सेवामा भर्ना गरिसकेको अवस्थामा उक्त व्यक्ति आफ्नो अभिभावकको अनुमतिमा स्वैच्छिकरूपमा भर्ना हुन आएको हो भन्ने कुरा सुनिश्चित गर्नुपर्दछ (धारा-३) ।




## सशस्त्र समूह (विद्रोही समूह) ले बालबालिकालाई प्रयोग गर्न पाउँछन् कि पाउँदैनन् ?

अहँ, पाउँदैनन् । सरकारी सैनिक सेवाभन्दा भिन्न सशस्त्र समूहले पनि बालबालिकालाई सशस्त्र विद्रोहका लागि भर्ना गर्न वा प्रयोग गर्न पाउँदैनन् । त्यस्तो काम रोक्नको लागि देशले आवश्यकताअनुसार कानुनी उपाय अपनाउनुपर्दछ ।

## के यस इच्छाधीन आलेखले बालबालिकासम्बन्धी अरु सबै अधिकारलाई परिवर्तन गर्छ ?

होइन । यस इच्छाधिन आलेखले बालबालिकाको अधिकार राम्ररी स्थापित गर्ने कुनै पनि कानुनलाई फेर्दैन । यसले बालअधिकारको रक्षा गर्ने कानुनहरुको व्याख्या गर्दै सशस्त्र द्वन्द्वमा बालबालिकालाई संलग्न गराउन नपाइने व्यवस्था गरेको छ । यस इच्छाधीन आलेखले बालबालिका वा सबै व्यक्तिका लागि बनेका मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा भएका राम्रा प्रावधानलाई हटाउँदछ भन्ने अर्थ लगाउनुहुँदैन् (धारा-५) ।

यस इच्छाधीन आलेखले बालअधिकारसम्बन्धी महासन्धिको धारा-३८ मा उल्लेख भएको द्वन्द्वबाट बालबालिकालाई संरक्षण गर्ने अधिकारलाई विस्तृतरुपमा व्याख्या गरेको छ । साथै उक्त धारामा रहेको व्यवस्थामा सुधार गर्दै १८ वर्षसम्मका बालबालिकालाई द्वन्द्वमा प्रयोग गर्न नपाउने व्यवस्था गरेको छ ।







## यो इच्छाधीन आलेख किन चाहिएको हो त ?

१. बालअधिकारसम्बन्धी महासन्धि, १९८९ मा व्यवस्था भएको सशस्त्र द्वन्द्वबाट बालबालिकाको संरक्षणसम्बन्धी व्यवस्था प्रर्याप्त नभएकोले थप अधिकारहरू व्यवस्था गर्नुपरेको हो ।

२. सशस्त्र द्वन्द्व चलिरहेका बेलामा बालबालिका सबभन्दा बढी प्रभावित हुन्छन् । सशस्त्र द्वन्द्वबाट बालबालिकामा पर्ने जोखिम कम गर्ने काममा देशहरूलाई बढी जिम्मेबार बनाउन आवश्यक भएकोले थप अधिकार व्यवस्था गर्नुपरेको हो ।

३. बालबालिकालाई सशस्त्र द्वन्द्वमा प्रयोग गर्नुलाई निकृष्ट प्रकारको बालश्रमको रूपमा समेत लिइएको छ । त्यसैले यस्तो काममा बालबालिकालाई प्रयोग गर्न निषेध गर्नुपर्ने भएकोले यो इच्छाधीन आलेख बनेको हो ।

## जान्नुपर्ने अवधारणा तथा शब्दार्थ :

**अन्तर्राष्ट्रिय श्रम संगठन**

अन्तर्राष्ट्रिय श्रम संगठन श्रमसम्बन्धी स्तर तोक्ने र कामदारहरूको हकअधिकारबारे काम गर्ने अन्तर्राष्ट्रिय संस्था हो। अंग्रेजीमा International Labour Office र छोटकरीमा ILO भनिने यो संस्था संयुक्त राष्ट्रसंघको एक निकाय हो। संगठनले श्रम वा कामदारसम्बन्धी अन्तर्राष्ट्रिय कानुन बनाउँदछ।





## निकृष्ट प्रकारका काम

अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं १३८ अनुरूप नेपाल सरकारले निम्न कामलाई बालबालिकाको हकमा निकृष्ट प्रकारका काम भनी परिभाषा गरेको छ :

१. घरेलु बालश्रमिक (Child Domestic Labour)

२. बालभरिया (Child Porters)

३. कार्पेट फ्याक्टीमा कार्यरत बालश्रमिक (Child Labour in Carpet Factory)

४. सडकमा आश्रित बालबालिका: प्लाष्टिक तथा पुन: प्रयोग हुने कवाडी संकलन गरेर जीवन निर्वाह गर्नेहरू (Street Based Children - Rag-Pickers)

५. बालबालिकाको बेचबिखन (Children in Trafficking)

६. खानीमा काम गर्ने बालबालिका (Children in Mines)

७. बँधुवा बालमजदुर (Bonded Child Labor)

## यस इच्छाधीन आलेखलाई अनुमोदन गरेपछि देशले के गर्नु पर्दछ त ?

१. यस इच्छाधीन आलेखअनुरूप हुने गरी देशको कानुनमा सुधार गर्नुपर्दछ र आवश्यक भएमा नयाँ कानुन बनाउनुपर्दछ । र, यस इच्छाधीन आलेखमा भएका व्यवस्थाहरूलाई प्रभावकारीरूपमा लागू गर्नुपर्दछ (धारा-६) ।

२. यस इच्छाधीन आलेखका प्रावधानहरूको व्यापक प्रचारप्रसार गरी बालबालिका र ठूला उमेरका मानिसहरू सबैलाई यसबारे जानकारी गराउनुपर्दछ (धारा-६) ।





३. देशले आफ्ना राष्ट्रिय सैनिक वा प्रहरी सेवामा १८ वर्ष नपुगेका व्यक्तिलाई भर्ना गर्नुहुँदैन । देशमा भएका कुनै सशस्त्र समूह वा राजनैतिक दलले बालबालिकालाई प्रयोग गरेको भए त्यसलाई पनि रोक्ने प्रयास गर्नुपर्दछ (धारा-६) ।

४. सशस्त्र द्वन्द्वमा प्रयोग भएका बालबालिकालाई समाजमा पुर्नस्थापना गर्नको लागि आवश्यक सबै उपायहरु अपनाउनुपर्दछ (धारा-६) ।

ङ. सशस्त्र द्वन्द्वमा संलग्न भएका बालबालिकालाई समाजमा पुर्नस्थापना गर्न, गराउनका लागि अन्तर्राष्ट्रिय निकाय तथा संस्थासँग मिलेर रोकथाम तथा सम्वोधन गर्ने खालको कार्यक्रम लागु गर्नुपर्दछ (धारा-७) ।



**यस इच्छाधिन आलेखबारे देशले गर्नु पर्ने केही प्राविधिक कामहरू :**

१. आफ्नो देशमा यो इच्छाधीन आलेख लागू भएको २ वर्षभित्र यस आलेखको कार्यान्वयनको अवस्था झल्कने गरी संयुक्त राष्ट्रसंघको बालअधिकार समितिमा पहिलो प्रतिवेदन पठाउनुपर्दछ । र, त्यसपछि बालअधिकारसम्बन्धी महासन्धिको धारा-४३ अनुसार हरेक पाँचपाँच वर्षमा आवधिक प्रतिवेदन पेश गर्दा यसबारे थप सुचनाजानकारी दिनुपर्दछ ।



२. यस इच्छाधीन आलेखलाई परित्याग गर्न चाहेमा त्यसबारे संयुक्त राष्ट्रसंघका महासचिवलाई लिखित सूचना दिनुपर्दछ । यसरी महासचिवकहाँ सूचना पेश भएको एक वर्ष पछि मात्र उक्त देशको हकमा यो इच्छाधीन आलेख परित्याग भएको मानिन्छ ।

३. कुनै देशले यस इच्छाधीन आलेखमा संशोधनको प्रस्ताव राख्न चाहेमा संयुक्त राष्ट्रसंघका महासचिवसमक्ष आफ्नो प्रस्ताव पठाउन सक्दछन् । यदि एक तिहाई राज्यपक्ष (यस इच्छाधीन आलेखलाई अनुमोदन गर्ने देशहरूमध्ये) ले संशोधनबारे छलफल गर्न सम्मेलन गर्न माग गरेमा महासचिवले सम्मेलनको आयोजना गर्नुपर्दछ । सम्मेलनमा बहुमत राष्ट्रहरू सहभागी भई संशोधन प्रस्ताव पारित गरेको खण्डमा त्यसलाई सबै राज्यपक्षले मान्नुपर्दछ (धारा-११ र १२) ।

**बालअधिकारसम्बन्धि महासन्धिको सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरूद्धको इच्छाधिन आलेखबारे हामी सबैले बुझ्नैपर्ने कुराहरू के के हुन् ?**

१. सरकार वा सशस्त्र विद्रोही पक्ष कसैले पनि १८ वर्ष नपुगेका बालबालिकालाई सशस्त्र द्वन्द्वमा प्रयोग गर्न पाउँदैनन् ।

२. कुनै देशमा १८ वर्ष नपुगेका बालबालिकालाई सैनिक सेवामा भर्ना गरिने प्रावधान भए त्यस्तो भर्ना भर्ना हुनेले आफूखुसी नै भर्ना भएको गरिएको हो भनी निधो गर्नुपर्दछ ।





३. सरकारले बालबालिकालाई सशस्त्र द्वन्द्वमा संलग्न हुन नपाउने खालको वातावरण बनाउन आवश्यक उपायहरु अपनाउनुपर्दछ ।

४. सरकारले सशस्त्र द्वन्द्वमा प्रयोग भएका बालबालिकालाई उद्धार गरी उनीहरूलाई समाजमा पुर्नस्थापना गराउनुपर्दछ ।




Disclaimer

This publication has been produced with the assistance of the European Union. The contents of this publication are the sole responsibility of Save the Children, CZOPP and Consortium and can in no way be taken to reflect the views of the European Union.





# टिपोट



# टिपोट



**थप जानकारीको लागि तथा पत्राचारको लागि सम्पर्क ठेगाना :**

सेभ द चिल्ड्रेन

नेपाल कन्ट्री अफिस

शम्भू मार्ग, सिनामंगल, काठमाण्डौँ

पो.ब.नं. : ३३९४, काठमाण्डौँ

फोन नं. : ०१-४४६८१२८

फ्याक्स : ०१-४४६८१२३

इमेल : post.nepal@savethechildren.org

वेवसाइट : www.savethechildren.net

बालसहभागिताका लागि कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम)

बिजुलीबजार, काठमाण्डौँ

फोन नं. : ०१-४४९०२९७

इमेल : participation.consortium@gmail.com

वेवसाइट : www.consortium.org.np

बालबालिका शान्तिक्षेत्र तथा बालसंरक्षण राष्ट्रिय अभियान (सिजप)

शम्भू मार्ग, सिनामंगल, काठमाण्डौँ

फोन नं. : ०१-४४६८१२८ (एक्सटेन्सन: ५०७, ५२०)

इमेल : coordinator@czop.org

वेवसाइट : www.czop.org

CONSORTIUM OF ORGANIZATIONS WORKING FOR CHILD PARTICIPATION

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान